म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्कः- २०० २०८० जेठ ३१ गते बुधबार 14 June 2023, Wednesday - पृष्ठ ४ मूल्य रू. ५/-

## मधेशका मुख्यमन्त्रीलाई सिंगो सदनको विश्वास

काठमाडौंः मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले दोस्रो पटक सिंगो सदनमा उपस्थित सांसदको विश्वासको मत पाएका छन् । नेकपा एमालेले जेठ १ गते समर्थन फिर्ता लिएपछि मंगलबार ३० औं दिन आकस्मिक रुपमा उनले विश्वासका मत लिएका हुन् । उनलाई प्रमुख प्रतिपक्षी नेकपा एमालेसहित सदनका सबै दल र स्वतन्त्र सांसदले विश्वासको मत दिएका छन् । १०७ सदस्यीय प्रदेश सभामा उनको विश्वासको मतको पक्षमा मतदानमा भाग लिएका सबैको १०३ मत परेको छ ।

बैठकमा १०५ जना उपस्थित रहेकोमा सभामुख र उपसभामुखले मत हालेनन् । यसअघि पहिलो पटक मुख्यमन्त्री यादवले माघ ४ गते प्रदेशसभामा सिंगो मत पाएका थिए । पुस २७ गते मधेश प्रदेश सभाको ठूलो दल नेकपा एमाले सहितका दलको समर्थनमा जसपा संसदीय दलका नेता यादव मुख्यमन्त्री नियुक्त भएका थिए । स्रोतः अनलाइनखबर ।



**विद्यालयमा विद्यार्थीः** मौसम प्रतिकुलताका कारण करिब १० दिन विदा भएको विद्यालय मंगलबार सुचारु भएपछि हेटौंडा-६, गौरिटारस्थित बालजागृति युवा वर्ष माविमा उपस्थित विद्यार्थी । सोमबार राती वर्षा भएसँगै मंगलबार केही राहत महसुस गरिएको छ । मनसुनी वर्षा सुरु हुन लागेका कारण अब जनजीवन सहज हुने अपेक्षा गरिएको छ । पहिलो दिन मंगलबार विद्यार्थीको उपस्थिति केही कम भएको विद्यालयका शिक्षकहरुको भनाइ छ । बुधबारबाट विद्यार्थीको उपस्थिति बढ्ने अपेक्षा गरिएको छ । यता हेटौंडा उपमहानगरपालिकाको शिक्षा महाशाखाले भने विद्यालय सुचारु गर्ने, नगर्ने विषयमा कुनै सूचना जारी गरेको छैन ।

# प्रदेश खेलकुदद्वारा १ अर्बभन्दा बढीको बजेट प्रस्ताव




*सूर्यलाल भण्डारी, सदस्य सचिव ।*

समाज संवाददाता

हेटौंडाः आगामी आर्थिक वर्षका लागि बागमती प्रदेश खेलकुद विकास परिषद्ले १ अर्बभन्दा बढीको बजेट तथा कार्यक्रम प्रस्ताव गरेको छ । आगामी आर्थिक वर्षका लागि प्रदेश सरकारले बजेट निर्माणको प्रक्रियालाई अन्तिम चरणमा पुऱ्याएको छ । परिषद्ले हेटौंडा-६, गौरिटारस्थित रंगशालामा राष्ट्रियस्तरको क्रिकेट मैदान, फुटबलको प्यारापिट निर्माण, एथ्लेटिक्स ट्रयाकमा सेन्थेटिक राख्ने, स्वीमिङ पुल र मोटर स्पोर्टस्को पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखेको परिषद्का सदस्य सचिव सूर्यलाल भण्डारीले जानकारी दिनुभएको छ ।

"आगामी आर्थिक वर्षका लागि गौरिटार रंगशालामा महत्वपूर्ण खेल पूर्वाधार निर्माण गर्ने गरी बजेट तथा कार्यक्रम पेश गरिएको छ", सदस्य सचिव भण्डारीले भन्नुभयो, "हामीले १ अर्बभन्दा बढीको बजेट पेश गरेका छौं ।" परिषद्ले क्रिकेट मैदानका लागि ५ करोड रुपैयाँ, स्वीमिङपुलका लागि १ करोड रुपैयाँ, मोटर स्पोर्टस्का लागि ५ करोड रुपैयाँ प्रस्ताव गरिएको सदस्य सचिव भण्डारीले जानकारी दिनुभएको छ । यस्तै सिन्थेटिक ट्रयाक निर्माणका लागि १५ करोड रुपैयाँ बजेट प्रस्ताव गरेको छ । परिषद्ले हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालाका लागि ५० लाख रुपैयाँ बजेट प्रस्ताव गरेको छ ।

परिषद्ले आगामी आर्थिक वर्षका लागि अन्तरप्रदेश खेलकुद प्रतियोगिता आयोजना गर्ने पनि प्रस्ताव गरेको छ । दुई वर्ष प्रदेश खेलकुद प्रतियोगिता आयोजना गरिएकोले अब ती खेलाडीलाई अन्तरप्रदेश प्रतियोगितामा सहभागी गराउने योजना रहेको सदस्य सचिव भण्डारीले बताउनुभयो । अन्तरप्रदेश प्रतियोगितामा विभागीय टिमको सहभागिता नहुने, सात प्रदेशको टिमबीच प्रतियोगिता आयोजना गर्ने योजना बनाएको भण्डारीले बताउनुभयो । अन्तरप्रदेश प्रतियोगिता आयोजना गर्नका लागि ८ करोड रुपैयाँ बजेट प्रस्ताव गरेको उहाँले जानकारी दिनुभयो ।

यसअघि दुई संस्करण आयोजना गरिएको प्रदेश खेलकुदलाई छनोट प्रतियोगिताको रुपमा आयोजना गरिने सदस्य-सचिव भण्डारीले बताउनुभयो । आगामी आर्थिक वर्षमा स्तरीय प्रशिक्षणका लागि प्रशिक्षकको व्यवस्थापनमा पनि परिषद्ले ध्यान दिने सदस्य सचिव भण्डारीले बताउनुभयो । परिषद्ले खेलाडीलाई छात्रवृत्ति प्रदान गर्न र विदेशमा प्रशिक्षणको अवसरका लागि पनि केही बजेट प्रस्ताव गरेको छ । खेलाडीलाई बन्द प्रशिक्षणका कार्यक्रम पनि राखिएको बताइएको छ ।

# सहकारीको समस्या निराकरणका लागि गोष्ठी सुरु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारको पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय र प्रदेश सहकारी विकास बोर्ड हेटौंडाको आयोजनामा सहकारी क्षेत्रमा देखिएका समस्या र निराकरण विषयक प्रदेशस्तरीय अन्तरक्रिया गोष्ठी हेटौंडामा सुरु भएको छ । बागमती प्रदेश सहकारी विकास बोर्डका कार्यकारी उपाध्यक्ष नारायणप्रसाद देवकोटाको सभाध्यक्ष तथा बागमती प्रदेश सरकारको पर्यटन, उद्योग तथा सहकारीमन्त्री पुकार महर्जनको प्रमुख आतिथ्य २ दिवसीय गोष्ठी मंगलबारदेखि सुरु भएको हो ।

गोष्ठीलाई सम्बोधन गर्दै मन्त्री महर्जनले वास्तविक सहकारीलाई समस्या र राम्रोलाई छायाँमा पार्ने काम भइरहेको बताउनुभयो । केही सहकारी बदमास देखिएको र त्यसको परिणाम सबै सहकारीले भोग्नुपरेको उहाँको भनाई छ । चलिरहेको विद्यमान सहकारीको संरक्षण र बचतकर्ताहरुको बचतको सुरक्षा गर्ने दायित्व रहेको उहाँले बताउनुभयो ।

प्रदेश सरकारी विकास बोर्डका कार्यकारी उपाध्यक्ष देवकोटाले गोष्ठीको उद्देश्य र प्रदेश सहकारी बोर्डले सम्पादन गर्ने कार्यबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । राष्ट्रिय सहकारी महासंघ अध्यक्ष मीनराज कँडेलले सहकारी क्षेत्रमा देखिएका समस्या र त्यसको निराकरणका लागि सरोकारवालाहरुको भूमिका र छाता संघहरुको दायित्वबारे सहजीकरण गर्नुभयो ।

राष्ट्रिय सहकारी बैंक अध्यक्ष केबी उप्रेतीले सहकारीमार्फत् गरिबी न्यूनीकरण तथा सदस्यहरुको आर्थिक उन्नतिका लागि उत्पादन, प्रशोधन, बजारीकरणमा सरकार र सहकारीको भूमिकाबारे सहजीकरण गर्नुभयो । नेफस्कूनबाट बचत सहकारी क्षेत्रमा देखिएका समस्या र त्यसको समाधानका उपायका लागि सरकार र सहकारीबाट खेल्नुपर्ने भूमिका, सहकारी महाशाखाबाट बागमती प्रदेशमा सहकारीको वस्तुस्थितिबारे सहजीकरण गरिएको छ ।

गोष्ठीको दोस्रो दिन आज बुधबार कार्यपत्रउपर समूह कार्य र प्रस्तुतिकरण, सुझाव, साझा अवधारणा निर्माण गरी गोष्ठीको समापन गरिने बताइएको छ । गोष्ठी समापनमा हेटौंडा घोषणापत्र सार्वजनिक गरिने बताइएको छ ।

गोष्ठीमा बागमती प्रदेशभित्र रहेका सहकारी संस्थाहरुको प्रतिनिधिहरुको सहभागिता छ । बागमती प्रदेशमा १० हजार ७ सय ५७ वटाभन्दा बढी सहकारी सञ्चालनमा रहेको अनुमान छ । जसमा प्रदेशस्तरीय संघसंस्था ३ हजार २ सय ७२ वटा रहेका छन् । वित्तीय ५५ प्रतिशत, बहुउद्देश्यीय २० प्रतिशत, कृषि/पशुपालन २० प्रतिशत र अन्य ५ प्रतिशत छन् । सहकारीका ७३ लाख सदस्यमध्ये बागमतीमा ३५ प्रतिशतभन्दा बढी सदस्य आबद्ध छन् । महिला सदस्य ५६ प्रतिशत, पुरुष सदस्य ४४ प्रतिशत सहकारीमा आबद्ध रहेको बताइएको छ । सहकारीमा ७ खर्बभन्दा बढी पुँजी परिचालन हुँदा बागमतीमा २५ खर्बभन्दा माथिको कारोवार भएको छ ।

एक लाखभन्दा माथि प्रत्यक्ष रोजगारी सृजना भएकोमा बागमतीमा ३५ हजारभन्दा माथि प्रत्यक्ष रोजगारी दिएको छ । संघीय नियमनमा ४ दशमलव १० प्रतिशत, प्रदेश नियमनमा २० दशमलव ८० प्रतिशत र स्थानीय तहको नियमनमा ७५ दशमलव १० प्रतिशत छ । यस्तै, कुल जनसंख्याको ३२ प्रतिशतको हाराहारीमा सहकारी संस्थामा आबद्धता छ ।

# प्रदेशसभाको बैठक बिहीबार बस्ने

समाज संवाददाता

**हेटौंडाः बगमती प्रदेशसभाको बैठक बिहीबारका लागि आह्वान गरिएको छ । प्रदेशसभा सचिवालयले जेठ ३२ गते दिउँसो २ बजेका लागि बैठक बोलाइएको प्रदेशसभा सचिव कृष्णहरि खड्काले जानकारी दिनुभयो ।**

**बैठकमा प्रदेश सरकारले आर्थिक वर्ष २०८०/०८१ को आर्थिक सर्वेक्षण प्रस्तुत गरिने उहाँले बताउनुभयो । प्रदेश सरकारको बजेट असार १ गते प्रदेशसभामा प्रस्तुत हुनेछ । आर्थिक सर्वेक्षण प्रस्तुतिका लागि ३१ गते कार्यव्यवस्था समितिको बैठक बस्नेछ ।**

# हेटौंडाले शनिबार नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले असार २ गते शनिबार आगामी आर्थिक वर्ष २०८०/८१ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने भएको छ । शनिबार हुने नगरसभाको १३ औं अधिवेशनमा नगरको आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट प्रस्तुत हुने नगर उपप्रमुख राजेश बानियाँले जानकारी दिनुभयो ।

उपमेयर बानियाँले भन्नुभयो 'अहिले उपमहानगरको आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट बनिरहेको छ । आजभोलिमै सम्पन्न हुन्छ । यसपटक हामीले चाँडै प्रस्तुत गर्नेछौं ।' असार १० गतेसम्म सबै स्थानीय तहले नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्नुपर्ने प्रावधन छ । हेटौंडाले यस पटक चाँडै नीति, कार्यक्रम तथा बजेट सार्वजनिक गर्न लागेको हो । हेटौंडाको आगामी आर्थिक वर्षको बजेट घटेर आउने भएको छ । संघीय सरकारबाट हेटौंडालाई आगामी आर्थिक वर्षका लागि १ अर्ब १४ करोड ५० लाख प्राप्त भएको छ ।

मकवानपुरको बकैया गाउँपालिकाले पनि आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्नेबारे तयारी गरेको छ । शुक्रबार बैठकले बसेर पालिकाले कार्यक्रमबारे टुङ्गो लगाउने बकैया गाउँपालिकाका उपाध्यक्ष भक्त बहादुर खत्रीले जानकारी दिनुभयो । यस्तै बागमती गाउँपालिकाका उपाध्यक्ष फणिन्द्र तिमल्सिनाले पनि पालिकाको बैठक चाँडै गरेर नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्नेबारे टुङ्गो लगाउने बताउनुभयो ।

# वैदेशिक रोजगारीबाट फर्केकालाई तालिम

हेटौंडाः वैदेशिक रोजगारीबाट फर्किएकाको सीप हेटौंडामै प्रयोग हुने भएको छ । हेटौंडा उपमहानगरपालिका र बैदेशीक रोजगार बोर्डको लगानीका लामो समय वैदेशिक रोजगारीमा रहेर सिकेको सीपलाई हेटौंडामै प्रयोगमा ल्याउने तयारी भएको हो । तयारीअनुसार उपमहानगरपालिका र बोर्डको लगानीमा वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिका लागि पुनः एकीकरण कार्यक्रम सञ्चालन गरिएको छ । कार्यक्रमअन्तर्गत हेटौंडामा कृषि, पशु तथा उद्यमशीलतासम्बन्धी ७ दिने तालिम सञ्चालनसँगै उनिहरुको मनोभावना बुझ्ने काम भएको बताइएको छ ।

तालिमका क्रममा वैदेशिक रोजगारीबाट फर्किएपछि देशमै बसेर काम गर्न चाहेको काम र त्यसको प्रभावकारिताका बारेमा तालिमको सञ्चालनको क्रममा बुझ्ने काम भएको उपमहानगरको रोजगार शाखाले जनाएको छ । मंगलबार ७ दिने तालिमको समापन गर्दै नगर प्रमुख मीनाकुमारी लामाले पहिले वैदेशिक रोजगारीमा जाने भन्दा अहिले अध्ययन तथा कामका लागि विकसित मुलुकमा जाने क्रमले विकराल रुप लिएको बताउनुभएको छ । उहाँले पहिले रोजगारीका लागि जाने परिवारसँग भेट्न आउने क्रम रहेपनि अहिले अध्ययन तथा रोजगारीका लागि विकसित मुलुक जानेहरुका कारण सम्पन्न वर्ग समस्यामा पर्ने बताउनुभयो ।

अहिले राष्ट्रमा भित्रिएको रेमिट्यान्स भन्दा पनि बाहिरी रकम बढी हुँदा आर्थिक समस्या देखिएको उनको भनाई थियो । बाहिर बसेर फर्किएकाले नेपालमै श्रम गरेको भन्ने सुनेपनि बाहिरिने र गएका पनि मिहिनेतले यहिँ केही गर्न सकिन्छ भनेर फर्कने क्रमको विकास हुने विश्वास नगरप्रमुख लामाको छ । हेटौंडा-८ का अध्यक्ष तथा कार्यक्रम कार्यान्वयन समितिका सदस्य रामकृष्ण थापाको अध्यक्षता भएको समापनमा हेटौंडा उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाई, सामाजिक विकास महाशाखाका प्रमुख भिमप्रसाद तिमल्सिनाको पनि आतिथ्य रहेको थियो । तालिममा बैदेशिक रोजगारीबाट फर्किएका उपमहानगरको १९ वडाका ३८ जनाको सहभागिता रहेको थियो ।

सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्ट

प्रोफेशनल स्किल एण्ड ट्रेनिङ डिपार्टपेन्ट



शैक्षिक सत्र २०८० देखि यस सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटीका लागि कक्षा ११ मा अध्ययन गर्न इच्छुक विद्यार्थीका लागि कक्षाहरु सञ्चालन गरिँदैछ । अभिलेखीकरण र थप जानकारीका लागि यसै कलेजको कार्यालयमा सम्पर्क गर्नुहोला ।

सम्पर्क

०५७-५२१२७२/९८०१०६८६४१/९८४८८२८२७७

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक



# सम्पादकीय

## युवालाई उत्पादनसँग जोडौं

मुलुकका तीनै तहका सरकारले आफ्नो नीति तथा कार्यक्रम र बजेटमा युवाका सबाललाई निकै महत्वका साथ समावेश गर्ने गरेका छन् । हरेक वर्ष सरकारले नीति तथा कार्यक्रम बनाउँदा युवालाई रोजगारीसँग जोड्न कार्यक्रम घोषणा गर्दछन् । रोजगारी अवसरका सम्भाव्य क्षेत्र पहिचान गरेर व्यावसायिक सीप विकास गर्ने भन्दै नीति तथा कार्यक्रम बनाइन्छ । देशभित्रै व्यापक रोजगारीका अवसरहरु सिर्जना गरेर युवालाई रोजगारीका लागि विदेश जानुपर्ने स्थिति अन्त्य गर्ने कुरा सरकारको नीति तथा कार्यक्रममा हुने गर्दछन् । तर, सरकारले नीति तथा कार्यक्रममा घोषणा गरेजस्तो सजिलै रोजगारीको अवसर सृजना हुन सकेको छैन । स्वदेशमा उपयुक्त रोजगारी तथा अवसरको अभावमा दैनिक हजारौं युवा विदेश गइरहेका छन् । देशभित्रै रोजगारीको अभावमा नेपाली युवा विदेशिनु परिरहेको वास्तविकतालाई सरकारले बुझ्न सकेको छैन । युवालाई रोजगारीसँगै नवप्रवर्तन र उत्पादनसँग जोड्न सरकारले विशेष कार्यक्रमहरु सञ्चालन गर्नु उचित हुनेछ ।

बागमती प्रदेश युवा परिषद्ले युवा पुस्तालाई मुलुक र समाजप्रति जिम्मेवार बनाउन युवा सम्मेलन गर्दैछ । युवालाई नवप्रवर्तन, उद्यमशीलता र व्यक्तित्व विकास गर्न सम्मेलन आयोजना गर्न लागिएको हो । आगामी असार ११ र १२ गते हेटौंडामा प्रदेश युवा सम्मेलन हुने भएको हो । सबै क्षेत्रमा युवाहरुको सहभागिता सोचेअनुरुप नभइरहेको र देशमा युवाहरु रित्तिँदै गइरहेको अवस्थामा सम्मेलन गर्न लागिएको बताइएको छ । प्रदेशभित्रका युवाहरुको सन्दर्भमा केही गरौं र नयाँ गरौं भन्ने उद्देश्यले सम्मेलन गर्न लागिएको आयोजकको भनाई छ । प्रदेशका १३ जिल्लाबाट एक सय ५० युवाको सहभागिता सम्मेलनमा हुनेछ । सामुदायिक क्याम्पसका उत्कृष्ट विद्यार्थी, आदिवासी जनजाति, दलित, सीमान्तकृत समुदायको युवाको प्रतिनिधित्व सम्मेलनमा हुने छ । युवालाई अभिमुखीकरण र अभिप्रेरित गर्ने सम्मेलनमा २० देखि ३५ वर्ष उमेर समूहका युवाहरु सहभागी हुने जनाइएको छ । ख्यातिप्राप्त व्यक्तित्व, सम्बन्धित क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तित्वलाई श्रोतव्यक्तिको रुपमा सहभागी गराउने जनाइएको छ । सम्मेलनमा नवप्रवर्तन र नवीनतम् सोच, सूचना प्रविधि, सामाजिक र सार्वजनिक जीवनमा युवा सहभागिता, उद्यम एवम् व्यावसायिक सुरुवात र उद्यमशीलता, सामाजिक सञ्जाललगायतका विषयमा अन्तरक्रिया हुनेछ ।

धेरै युवाहरु वैदेशिक रोजगारी र अध्ययनका नाममा विदेशिएको र स्वदेशमा रहेकाहरु पनि अधिकांश बेरोजगार रहेको सन्दर्भमा प्रदेश युवा परिषद्ले गर्न लागेको युवा सम्मेलन सान्दर्भिक देखिन्छ । स्वदेशमा रोजगारका थुप्रै अवसर भए त्यसको उपयोग हुन सकेको छैन । देशमा रहेका अधिकांश युवाहरु कुनै न कुनै राजनीतिक दलसँग आवद्ध हुने र राजनीतिक पहुँचका आधारमा पैसा कमाउन खोज्ने प्रवृत्ति बढ्दो छ । युवाको जोश र जाँगरलाई उत्पादन र स्वरोजगारसँग जोड्न सकिएको छैन । ठेक्कापट्टा, र अदृश्य व्यापार-व्यवसायबाटै आयआर्जन गर्नतर्फ युवाहरु अग्रसर बनिरहेका छन् । राजनीतिक पहुँचमा कतिपय युवाहरु गैरकानुनी काममा समेत संलग्न देखिन्छन् । आफू स्वरोजगार बन्ने र अरुलाई रोजगारी दिनेतर्फ युवाहरुको सोच र व्यवहार कमैमात्र पाइन्छ ।

स्वदेशमै आकर्षक रोजगारीका अवसरहरु सृजना गर्न सकेमा विदेशिने युवालाई रोक्न सकिन्छ । यसका लागि युवाहरु नै अग्रसर हुनु आवश्यक छ । विदेशबाट फर्किएका वा फर्कन चाहने युवालाई साथमा लिएर देशभित्रै उत्पादनमूलक काममा युवाको सहभागिता आवश्यक बनेको छ । यसका लागि युवाहरुलाई उद्यमशीलता र नवप्रवर्तनसँग जोड्नु आवश्यक छ । युवालाई देशभित्रै गरिखाने वातावरण सृजना गर्न सबै तहका सरकार गम्भीर बन्नुपर्छ । राजनीतिक पहुँचको आधारमा केही काम दिने परिपाटी अन्त्य गर्दै क्षमता र योग्यताका आधारमा युवालाई उत्पादनसँग जोड्न सरकारले उचित कार्यक्रम ल्याउनुपर्छ । प्रदेश युवा सम्मेलनले युवालाई नवप्रवर्तन र उद्यमशीलतातर्फ अग्रसर बनाउँदै उत्पादनसँग जोड्न सरकारलाई दबाव दिन सक्नुपर्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : रोजगारीका क्षेत्रमा कठिन परिश्रम गर्नुपर्ला ।
**वृष** : नसा सम्बन्धी समस्या योगले सताउने छ ।
**मिथुन** : स्वास्थ्य समस्या योग बन्ने समय देखिन्छ ।
**कर्कट** : चोटपटकको भय र साँझेदारी कामबाट हानी ।
**सिंह** : काममा आलस्यता बढ्ने समय योग रहेको छ ।
**कन्या** : दाम्पत्य जीवनमा उतारचढाप आउने समय छ ।
**तुला** : स्वास्थ्य क्षेत्रमा सुधार आउने योग छ ।
**वृश्चिक** : शैक्षिक क्षेत्रका काममा नैराश्यता बढ्ला ।
**धनु** : न्यायिक क्षेत्रमा सफलता प्राप्त हुने समय योग छ ।
**मकर** : दुर्घटना योग रहेकाले सावधानी अपनाउनु पर्ला ।
**कुम्भ** : व्यापार- व्यवसाय मध्यमकारक रहने समय योग छ ।
**मीन** : कामकाजमा बाधा व्यवधान आउने योग छ ।

# बरालिएको संसद, बहकिएको बहस



✍खिमलाल खेवकोटा



> **संसदीय अभ्यासमा 'हाउस इन अर्डर; भन्ने गरिन्छ । यसको मर्म हो, सदन ढंगले चल्नुपर्छ । त्यसैका लागि सभामुख, नियमावली, परामर्श समिति बनाइएको हो । सभामुखलाई विश्वास गरेर सदनको नेता बनाएको हो । सदनमा विना प्रस्ताव छलफल हुँदैन भन्ने लेखिएको छ । विना एजेण्डामा छलफल हुन सक्दैन । यसका अलावा पनि सदनको काम-कारबाहीलाई डिरेल गर्न प्रयत्न भएको छ । सदन डिरेल हुने कुरा सदनको काम-कारबाहीका हिसाबले राम्रो मानिंदैन ।**

संविधानसभाले बनाएको संविधान बमोजिमको संघीय संसदको दोस्रो कार्यकालको बैठक चालु छ । जनताद्वारा निर्वाचित वैधानिक संस्था संविधानसभा मार्फत बनेको संसारका कमै मध्येको नेपालको संविधान हो । यही संविधानले नेपाललाई एकैपटक राजतन्त्रबाट गणतन्त्र, एकात्मकबाट संघात्मक, हिन्दु अधिराज्यबाट धार्मिक स्वतन्त्रता सहितको धर्मनिरपेक्ष राज्य र असमावेशीबाट समावेशी राज्यमा रूपान्तरण गरेको हो ।

संसदको स्वीकृति विना कर लगाउने र खर्च गर्ने अधिकार छैन भन्ने मान्यताको अनुयायी नेपालको संसद पनि हो । अझ नेपालको सन्दर्भमा त सार्वभौमसत्ताको प्रयोग गर्ने थलोका रूपमा यसलाई लिने गरिन्छ । नेपाली जनतामा निहित रहेको सार्वभौमसत्ताको प्रयोग गर्ने थलो संसद संविधान र सभ्य अभ्यास बमोजिम चलोस् भन्ने अपेक्षा सबैको रहेको हुन्छ । तर यो बीचमा चलेका संसदका बैठकहरू त्यो स्तरका देखिएनन् । संसदमा गर्न हुने र नहुने सबै खाले गतिविधि देखा पर्न थाले ।

संसद आफैंले बनाएको नियमको पालना बनाउनेहरूले नै उल्लंघन गर्ने र संसदको नेतृत्वकर्ता सभामुखले नियमको रक्षा र पालना गराउन नसक्ने मात्र हैन यदाकदा आफैं समेत नियम उल्लंघनको पात्र बन्न पुग्ने अवस्था आयो । फ्लोरबाट सभामुखले गरेको निर्णयको टिप्पणी मात्र हैन, आलोचना समेत हुन थाले । यो दुर्भाग्यपूर्ण अवस्थाको दृश्य मन लागे पनि नलागे पनि हेर्न बाध्य छन् नेपाली जनता । यो टिप्पणी यही विषयमा केन्द्रित छ ।

संसद नीति-निर्माताहरूको थलो हो । तर संसदमा नीतिगत बहस शून्यप्रायः छ । जब संसदमा नीतिगत बहस शून्यमा पुग्छ तब नीति विहीनताको आरम्भ हुन्छ । नीति विहीनताले अराजकताको आमन्त्रण गर्दछ । संसदमा नीति कार्यक्रम प्रस्तुत भयो तर नीति कार्यक्रमका बारेमा गहिरिएर छलफल भएन । आ-आफ्ना सत्ता गुमेका र सत्ता टिकाउन नसकेका र सत्ता टिकाउन गरिएका प्रयत्नहरू छ्यालब्याल देखा परे ।

एकअर्का विरुद्ध लक्षित र लाञ्छित अभिव्यक्तिहरूको ओइरो लाग्यो । सही अर्थमा नीति कार्यक्रमले के भन्न र गर्न खोजेको हो ? यो नीति कार्यक्रम पारित हुँदा मुलुक कहाँ पुग्छ ? भन्ने बारेमा चर्चा भएन । प्रतिपक्षीले वैकल्पिक नीति कार्यक्रम प्रस्तुत गर्न पनि सकेनन् र सरकारले पेश गरेको नीति कार्यक्रमको निराधार आरोप र खण्डनको शैली मात्रै अपनाए ।

संसदको नियमित प्रक्रिया 'हुन्छ' वा 'हुन्न' भन्ने बेलामा 'हुन्न' भन्ने आवाज निकाल्यो । यो बाहेक अरू केही गर्न सकेन । प्रतिपक्षीका बोलीमा दम थिएन । स्पष्टता पनि थिएन । आरम्भमा यो नीति कार्यक्रम झुटको पुलिन्दा भन्दै सुरु भयो । मध्यतिर अघिल्लो सरकारको हुबहु नक्कल गरेको र यो सरकारको नयाँ केही पनि नभएको भन्दै फ्लोरबाट ताली पनि खायो ।

अन्त्यमा यो नीति कार्यक्रमको विपक्षमा मतदान गर्ने कसम खायो र रोष्टमबाट तल झर्‍यो । सत्ता पक्षको पालो पनि नीति कार्यक्रमको व्याख्यान हैन, प्रतिपक्षी आलोचनाको प्रति-आलोचनामा समय गुजारेर सकियो ।

राष्ट्रपतिको नीति कार्यक्रम २ घण्टा लामो थियो । प्रमुख प्रतिपक्षी दलका नेताको पनि झण्डै २ घण्टाको । यसो गर्नाको तात्पर्य राष्ट्रपतिको सम्बोधनलाई ओझेल पार्नु थियो । सरकारको नीति कार्यक्रमको केस्रा-केस्रा केलाउने झन्झट प्रतिपक्षीलाई पनि गर्नु थिएन, गरेन ।

एवं रितले सरकारले प्रि-बजेट छलफलको आयोजना गर्‍यो । संसदमा बजेटका सिद्धान्त र प्राथमिकताको दस्तावेज नै पेश गर्‍यो । फेरि पनि बजेटको सिद्धान्त र प्राथमिकतामा मिहिनेत गर्ने र वैकल्पिक प्रस्ताव गर्ने झन्झट प्रतिपक्षमा रहेका सांसद कसैले पनि गर्न आवश्यक ठानेनन् ।

नीति तथा कार्यक्रम, बजेटको सिद्धान्त र प्राथमिकताका आधारमा बजेट आयो कि आएन ? त्यसमा पनि अध्ययन, चिन्तन, मनन गर्ने र बजेटका सबै पाटा पक्षका बारेमा चर्चा गर्ने, कमी-कमजोरी रहेका भए उजागर गर्नेसम्मको मिहिनेत कसैले गर्न आवश्यक ठानिरहेको छैन ।

सत्ता पक्षलाई लागेको छ, बहुमत छ पारित भइहाल्छ, किन चिन्ता गर्नू ! त्यसैगरी प्रतिपक्षीलाई पनि लागेको छ, बजेट असफल गराउन मत छैन किन दुःख गर्नु, सदनमा बोलेर हुने कुरा केही हैन । फेरि बोली नै हालियो भने पनि सत्ता पक्षको बजेटको प्रचार मात्रै हुने । बरु सत्ता पक्षको बजेटको विज्ञापन हुने गरी बोल्न भन्दा सदनलाई विषयान्तर गरेर हल्लाखल्ला गर्न सके मिडियाको नजरमा परिने, सामाजिक सञ्जालमा भाइरल बन्न सकिने । यसो किन नगर्ने भन्ने मनोविज्ञानले प्रतिपक्षी सदनमा अलमलिएको देखियो ।

यसलाई ट्र्याकमा ल्याउने प्रयत्न सभामुखले गर्नुपर्थ्यो । उनले सकेनन् वा जानेनन् वा चाहेनन् । त्यही रूपमा सरकारले पनि गरेन । फलतः सदन निश्चित एजेण्डामा हैन, एजेण्डा विहीनतामा दौडियो । जबकि संसदको नियमावलीले विना एजेण्डा सदनमा कुनै पनि विषयमा छलफल हुँदैन भनेर लेखिएको छ । पारित गर्नेले नै नियमावली नमानेपछि कसले मानिदिने ?

यो हालतमा पुग्दै गर्दा सदनको गरिमा, महत्व र मानमा समेत आँच पुगेको छ । हेक्का रहोस्, सदनको मर्यादा कायम गर्न नसकेको बात आज नभए पनि भविष्यमा समेत लाग्नेछ ।

प्रधानमन्त्रीले समय मागेका बेला बोल्न समय दिनुपर्छ । त्यसमा पनि विदेश भ्रमण जाँदा र फर्कंदा सदनलाई जानकारी गराउनुपर्छ । सदनमा जानकारी दिन प्रधानमन्त्री उपस्थित हुँदा प्रतिपक्षले सदन अवरुद्ध गर्छ । सभामुख यसलाई रोक्न सक्दैनन् वा चाहँदैनन् । सदन अलमलमा पर्छ । प्रधानमन्त्रीलाई प्रश्न सोधिन्छ, जवाफ दिन लाग्दा सदनमा हंगामा हुन्छ । सभामुखले बैठकलाई मर्यादित बनाउन चाहनुहुन्न वा सक्नुहुन्न । प्रधानमन्त्री बोल्दाबोल्दै डिस्टर्ब हुन्छ । सभामुखले डिस्टर्ब नगर्न रुलिङ गर्दैनन् । बरु प्रधानमन्त्रीलाई रोकेर उनैलाई समय दिन्छन् । केमा नियमापत्ति हो, सोध्दैनन् । के भन्न खोज्नु'भा भन्छन् ।

कुरा सुन्दा उसको नियमापत्ति हुँदैन । बरु प्रधानमन्त्रीले बोलेको मन पर्दैन । सदनमा कसैले पनि बोलेको मन परे पनि नपरे पनि संसदको नियम मिचेको छैन भने आपत्ति गर्न पाइँदैन । नियमापत्ति भनेको नियम बमोजिम सदन चलेन भनेर ध्यानाकर्षण गराउने विषय हो भन्ने कुरा नियम पास गर्ने माननीय आफैंले जान्दैन ।

त्यसैको भारी सभामुखले बोक्न बाध्य हुन्छन् । तपाइँको नियमापत्ति मिलेन भन्ने हिम्मत पनि सभामुख गर्दैनन् । अनि जे बोले पनि हुने रहेछ भन्ने अभ्यास आरम्भ हुन्छ ।

प्रधानमन्त्रीले जवाफ दिइसकेपछि यो छलफल यहीं समाप्त हुन्छ भन्दै बैठक अर्को एजेण्डामा प्रवेश गर्छ । तर सभामुख प्रतिपक्षी नेतालाई बोल्नका लागि समय दिन्छन् । दुनियाँको चलन के हो भने मन्तव्य दिन चाहने मन्त्री, प्रधानमन्त्री, प्रतिपक्षी नेता बैठकको आरम्भमा समय माग गर्ने र बोल्ने हो । सो विषय पनि बैठकको कार्य सूचीमा आउनु राम्रो हुन्छ । तर प्रधानमन्त्रीको प्रतिउत्तर पछि त्यसैलाई ओझेल पार्नका लागि प्रतिपक्षीले सदनको समयको र सभामुखको कुर्सीको दुरुपयोग हुन्छ । सभामुख त्यसै गर्न बाध्य छन् ।

सभामुख भनेको हाउसको नेता हो । बैठक व्यवस्थित गर्न नियममा लेखिएका र नलेखिएका धेरै अधिकार सभामुखमा निहित हुन्छन् । त्यसैले सभामुख सबैको नेता बन्न सक्नुपर्छ । पार्टीको आबद्धता त्याग्नुपर्छ । नियमसंगत ढंगले सदन चलाउनुपर्छ । त्यसैले सभामुखले गरेको निर्णयका विरुद्धमा बोल्न हुँदैन भन्ने कुरा पनि नियमावलीमा नै लेखिएको छ । महाअभियोगको प्रस्तावमाथि छलफल हुने अवस्थामा बाहेक सभामुखको आलोचना गर्न पाइँदैन भन्ने पनि नियमावलीमा लेखिएको छ । तर फ्लोरमा कुरा उठ्छ । सभामुखले फलानाको बोली रेकर्डबाट हटाउने हो भने फलानाको पनि हटाउनुपर्छ । एकपक्षीय हुन हुन्न भन्छन् । यो बोलीका बारेमा सभामुख मौन रहन्छन् । वास्तवमा रेकर्डबाट हटाउने यस्ता अभिव्यक्ति हो । यस्ता अभिव्यक्तिले सभामुखको मानमर्दन गर्ने सभाको पनि मान मर्दन हुन्छ भन्ने आधारमा रेकर्डबाट हटाउने हो । त्यसो हुनसकेको पाइएन । सभामुखले सभामुखको आलोचना गर्न पाइँदैन भनेर लेखिएको नियम देखाउन सक्दैनन् ।

संसद सरकारले बोलाएको बैठक हो, जसमा प्रतिपक्षीले मनग्ये आफ्ना कुरा भन्न पाउँछ । तर सबै कुराको जिम्मा सरकारले लिनुपर्छ । सबै प्रश्नहरूको जवाफ सरकारले दिनुपर्छ । संसदलाई अनुत्तरित छाड्न हुँदैन भन्ने मान्यताका आधारमा प्रतिपक्षीले उठाएका हरेक प्रश्नको जवाफ प्रधानमन्त्रीले दिनुपर्छ । प्रधानमन्त्रीले जवाफ दिएपछि छलफल समाप्त हुन्छ ।

यो परम्परा संसदीय प्रणाली अपनाएका मुलुकको त हुँदै हो, राष्ट्रपतीय प्रणाली भएका मुलुकमा पनि अवलम्बन हुन्छ । प्रधानमन्त्रीको जवाफपछि प्रतिपक्षी नेतालाई बोल्न दिने र सदनलाई अनुत्तरित बनाउने कुरा सार्वभौम संसदलाई अनुत्तरित बनाउने हो । सरकारले जवाफ दिन चाहेन भने पनि सोको जिम्मा सरकारले लिनुपर्छ ।

सभामुखले त्यो अवस्था सिर्जना गरेको हो भने सदनको नेताको हैसियतमा सभामुखले जिम्मा लिनुपर्छ । किनकि सार्वभौम जनता सदन अनुत्तरित भएको देख्न चाहँदैनन् । सरकारले जवाफ तत्काल दिन नसक्ने हो भने समय माग्नुपर्छ । त्यो बन्दोबस्त सभामुखले मिलाउनुपर्छ । सदन अनुत्तरित अवस्थामा छाड्न मिल्दैन । यस्ता काम सदनमा बग्रेल्ती हुन थाल्नु राम्रो संकेत होइन ।

संसदीय अभ्यासमा 'हाउस इन अर्डर' भन्ने गरिन्छ । यसको मर्म हो, सदन ढंगले चल्नुपर्छ । त्यसैका लागि सभामुख, नियमावली, परामर्श समिति बनाइएको हो । सभामुखलाई विश्वास गरेर सदनको नेता बनाएको हो । सदनमा विना प्रस्ताव छलफल हुँदैन भन्ने लेखिएको छ । विना एजेण्डामा छलफल हुन सक्दैन । यसका अलावा पनि सदनको काम-कारबाहीलाई डिरेल गर्न प्रयत्न भएको छ । सदन डिरेल हुने कुरा सदनको काम-कारबाहीका हिसाबले राम्रो मानिंदैन ।

सदनमा भारत भ्रमण, नीति कार्यक्रम, बजेटको चर्चा चुलिंदा नक्कली भुटानी शरणार्थी प्रकरण छायामा परेको छ । नक्कली भुटानी शरणार्थी प्रकरणले 'लहरो तान्दा पहरो थर्किने' संभावना कमजोर भएको छ । यो काम सचेततापूर्वक गरिएको पनि हुन सक्छ ।

यस्ता मामलामा सभामुखले समयोचित ध्यान दिन सकेको देखिएन । यसले आउँदा दिनमा पनि हाउसको अर्डर भत्किने खतरा बढाउँछ । हाउस अर्डरमा नहुँदा प्रतिपक्षले बोल्ने प्लेटफर्मको अन्त्य हुन्छ । प्रतिपक्षको आवाज विनाको सदन र लोकतन्त्र दुवै औचित्यहीन हुन पुग्दछन् । तसर्थ प्रतिपक्षले हाउसलाई बिथोल्न हैन, व्यवस्थित गर्न अर्को पक्षप्रति आक्रोश र गालीगलौज हैन, सौम्य र सभ्य भाषामा आफ्ना कुरा भन्न सक्नुपर्छ । जनता यति चलाख भइसके कि प्रतिपक्षीले सरकारको आलोचना र सत्ता पक्षले सरकारको बचाउ सुनेर मज्जा मान्नेवाला छैनन् ।

सत्ता पक्षको आलोचनात्मक सावधानी र प्रतिपक्षीको रचनात्मक सुझावको अपेक्षा यतिबेलाको जनताको रुचिको विषय बनेको छ भनेर पनि हेक्का राख्न जरूरी छ ।

बहुचर्चित भनाइ छ, 'लोकतन्त्रमा संसदको काम भनेको असल कानुनमा ध्यान दिने हो सरकारका दैनिकीमा धेरै समय खेर फाल्न हुँदैन किनकि सरकारलाई बोली वा गालीले हैन कानुनले बाँध्न प्रयत्न गर्नुपर्छ ।' तर हाम्रो दुर्भाग्य निर्वाचन भएलगत्तै बसेको सदनले एउटा पनि कानुन पारित गरेन । दोस्रो अधिवेशन पनि सरकारलाई गाली गर्न, बोली बिकाउन र तुष मेटाउनमा नै व्यस्त छ । यसले के परिणाम देला ?

भनिन्छ, 'संसदीय बहसको क्षेत्र भनेको जहाँ विचारहरूको द्वन्द्व हुन्छ, विचारहरूको समीकरण पनि हुन्छ, तब लोकतन्त्र मजबुत हुन्छ । सभामुखको भूमिका भनेको विचार र बहसमा पक्षधरता देखाउने हैन कि निष्पक्षता, तटस्थता सहित जनताको मनको आवाज बोल्ने थलोलाई जीवन्त बनाउनका निम्ति अधिकतम प्रयत्न गर्नेतर्फ केन्द्रित हुनुपर्दछ ।' तब मात्र संसद संसद जस्तो, बहस बहस जस्तो हुन्छ । तब मात्रै लोकतन्त्र लोकतन्त्र जस्तो हुन्छ । यस्तो कुराको अपेक्षा सभामुख, सदन र सदनका जिम्मेवार पदाधिकारीहरुबाट गरिन्छ । *(स्रोतः अनलाईनखबर)*

# "शिक्षकसँग बढीभन्दा बढी सीप हुनुपर्दछ"

हेटौँडा उपमहानगर क्षेत्रका केही विद्यालयका शिक्षकहरु आफ्ना विद्यार्थीलाई रचनात्मक क्रियाकलापसहित शिक्षा प्रदान गर्न सकारात्मक देखिन थालेका छन् । साहित्यमा समेत क्रियाशील शिक्षकहरु क्रियाकलाप र सहभागितामूलक शिक्षाको अभ्यासमा अभ्यस्त देखिन्छन् । हेटौँडा-८, कमानेस्थित चन्द्रोदय माविका अंग्रेजी विषयका शिक्षक मीनप्रसाद लामिछाने र नेपाली विषयका शिक्षक विश्वनाथ सञ्जेलसँग समृद्ध समाज दैनिककी संवाददाता सुप्रभा शर्माले गरेको कुराकानीको सम्पादित अंश:



**मीनप्रसाद लामिछाने र विश्वनाथ सन्जेल**
**शिक्षक, चन्द्रोदय मावि**

***समाजः लामो समयको शिक्षण पेसाको अनुभवलाई नियाल्दा पहिला र अहिलेको शैक्षिक वातावरणमा कस्तो परिवर्तन महसुस गर्नुभएको छ ?***

**लामिछाने**: म लामो समयदेखि शिक्षण पेसामा आवद्ध छु । करिव ३९ वर्षको शिक्षण अनुभवलाई हेर्दा पहिलेभन्दा अहिले समुदाय, विद्यार्थी, अभिभावकहरुको शिक्षालाई हेर्ने दृष्टिकोण, सरकारको नीति र शिक्षाप्रतिको आकर्षणमा धेरै परिवर्तन भएको देखिन्छ । साथसाथै पठनपाठन प्रक्रिया तथा अध्यापन विधिमा समेत ठूलो परिवर्तन भएको छ ।

***समाजः पहिलेको अध्यापन विधि भन्दा अहिलेको विधिमा के थप भएको महसुस गर्नुभएको छ ?***

**लामिछाने**: पहिला चाहिँ सामान्यतया शिक्षकले अगाडि बसेर व्याख्या गर्ने र विद्यार्थी ध्यान दिएर सुनी घोकेर वा रटेर पढ्ने वा पढाउने चलन रहेको थियो भने अहिले सुचना, प्रविधिको क्षेत्रमा आएको परिवर्तनले गर्दा संसार नै एउटा घर जस्तो भइसकेको छ । जसले गर्दा विभिन्न देशहरुको अध्यापन विधिहरुलाई हेरी विद्यार्थी, अभिभावक र समुदायको मागअनुसार शिक्षण विधिलाई सूचना प्रविधिमा रुपान्तरण भइरहेको छ ।

***समाजः तपाईले नै पढाउनुभएका पहिलाको विद्यार्थीहरु र अहिलेको विद्यार्थीहरुमा के फरक महसुस गर्नुभयो ?***

**सञ्जेल**: मैले शुरु-शुरुमा पढाउन थाल्दाखेरीको विद्यार्थीहरु शिक्षकहरुको कुरा ध्यान दिएर सुन्ने र बुझ्ने, धैर्य भएर बस्ने, अह्राएका तथा दिएका क्रियाकलापहरु सहजै स्वीकार गर्ने खालका थिए । उनीहरुले शिक्षक तथा अभिभावकले भनेका कुराहरुलाई पालना गरी अगाडि बढ्नुपर्छ भन्ने सोच राख्थे भने अहिलेका विद्यार्थीहरुमा त्यो कुराहरुको कमि भएको देखिन्छ । प्रविधिको प्रयोग तथा पहिलाको भन्दा अहिलेका अभिभावकहरु बढी सचेत भएको कारणले गर्दा त्योबेलाको विद्यार्थीमा भन्दा अहिलेको विद्यार्थीमा धेरै परिवर्तन देखिन्छ ।

***समाजः तपाई एउटा साहित्यिक क्षेत्रमा लाग्नुभएको व्यक्ति हुनुहुन्छ । विद्यार्थीहरुलाई साहित्यिक क्षेत्रमा जोड्दै पढाउन कत्तिको सहज भएको छ ?***

**सञ्जेल**: एउटा विषयशिक्षक भएर मात्र कक्षामा प्रवेश हुनु र एउटा विषय शिक्षकको साथै सिर्जनशील व्यक्ति कक्षामा प्रवेश हुनु निकै फरक हुन्छ । हामी जस्तो कथा, कविता, गीत, गजल, मुक्तक लेख्ने र सुनाउने शिक्षकको कक्षा अरुको भन्दा बिल्कुलै फरक हुन्छ । अरु विषय शिक्षकसँगभन्दा साहित्यमा लागेका शिक्षकसँग विद्यार्थीहरु कुनै न कुनै रुपमा बढी नजिक हुन्छन् । त्यसले गर्दाखेरी अरु विषयको भन्दा नेपाली र अङ्ग्रेजी विषयको कक्षा बढी प्रभावकारी भएको र नतिजा पनि अरु विषयमा भन्दा राम्रो आएको देखिन्छ ।

***समाजः वास्तवमा शिक्षकमा हुनुपर्ने गुण के के हुन् र कस्ता व्यक्तिले शिक्षण पेसा अपनाउँदा उपयुक्त हुन्छ ?***

**लामिछाने**: वास्तवमा शिक्षकलाई कुनै विषय विशेष ज्ञान मात्र भएर नहुने रहेछ । अभिभावक तथा समुदायको शिक्षक भनेको सबै विषयमा ज्ञान भएको तथा सर्वगुण सम्पन्न हुनुपर्छ भन्ने बुझाई रहेको छ तर एउटै व्यक्तिमा सबै विषयको ज्ञान भने हुँदैन । त्यही पनि सम्भव भएसम्म शिक्षक एउटा आदर्शवान् व्यक्ति हुनुपर्छ । शिक्षक अनुकरणीय हुनुपर्छ र शिक्षकसँग बढीभन्दा बढी सीप हुनुपर्दछ ।

***समाजः विद्यालयको कार्यक्रम संयोजक हुनुभएर तपाईले के कस्ता कार्यक्रमहरुमा विद्यार्थीहरुलाई सहभागी गर्दै आइरहनु भएको छ ?***

**लामिछाने**: विद्यालयमा हुने सबै खालको क्रियाकलाप तथा कार्यक्रमहरुमा आफैं सहभागी भई विद्यार्थीहरुलाई पनि सहभागी गर्दै आएको छु । हाम्रा विद्यार्थीहरुलाई विभिन्न संघ, संस्थाहरुले आयोजना गर्ने विभिन्न खालका प्रतियोगितामा भाग लिनका लागि हौसला दिने, सिकाउने र संयोजन गरी पठाउँदै आएको छु ।

***समाजः शिक्षण पेसा कै क्रममा तपाईले गाउँको विद्यालयदेखि लिएर सहरका विद्यालयहरुसम्म अध्यापन गर्नुभएको अनुभव बटुल्नु भइसकेको छ । यसलाई नियाल्दा गाउँ क्षेत्रको विद्यार्थी र सहरी क्षेत्रको विद्यार्थीहरुमा के फरक पाउनुभयो ?***

**सञ्जेल**: फरक-फरक जिल्ला र फरक-फरक ठाउँका विद्यालयहरुमा अध्यापन गराएको अनुभवलाई हेर्दा गाउँका विद्यार्थी र सहरका विद्यार्थीबीच धेरै फरक पाएको छु । ठाउँ, अवस्था र सुविधाअनुसार सहर र गाउँका विद्यार्थीहरुको पढाईलाई हेर्ने दृष्टिकोणमा पनि फरक पाइन्छ । गाउँका विद्यार्थीहरुमा संस्कार र अनुशासन अलि बढी हुन्छ । बाटोमा हिँड्दै गर्दा पनि गाउँका विद्यार्थीहरुलाई फलानाको छोरा/छोरी, नाति/नातिनी वा भाञ्जा/भाञ्जी भन्ने ढङ्गले सबैले नजर लगाइरहेको हुँदो रहेछ र गाउँमा विद्यार्थी संख्या पनि थोरै हुन्छ । तर सहरका विद्यार्थीहरुमा चाहिँ संस्कार र अनुशासनको कुराहरुमा गाउँका विद्यार्थीमा भन्दा कम देखिन्छ ।

# आजभोलि यत्तिधेरै तालिम किन ?



**राधा सिन्तान**

आजभोलि सामाजिक सञ्जाल यसो हेर्‍यो कि विभिन्न संघ, संस्था, स्थानीय तहहरुले दिनानुदिन विभिन्न सीपमूलक, व्यवसायमूलक तालिमहरु प्रदान गरेको फोटाहरुको ओइरो नै लागेको देखिन्छ । धेरै पोष्टहरुमा लाईक पनि गरिन्छ । खुसी पनि लाग्छ यस्ता कार्यक्रमहरुको तस्बिर देख्दा । तर आजकाल यी तस्बिरहरू हेरिरहँदा मनमा एउटा कुराको खुलदुली मचिरहेको हुन्छ कि मकवानपुर जिल्लाका यस्ता सीपमूलक तालिम लिने सहभागीहरु कुन स्थानीय तहबाट कति जनाले कुन-कुन तालिमहरु लिए होलान् ? विषय विज्ञता कतिले हासिल गरे होलान् ? कति जना यसबाट स्वरोजगार भए होलान् ? कति जनाले यस्ता तालिम लिए पश्चात रोजगारी प्रदान गर्नु भयो होला ? कति जनालाई विदेश पलायन हुनबाट रोक्न सकियो होला ? कति जना आज विगतमा त्यस्तै तालिम लिएकाहरुले सिकेको सीपलाई प्रयोग गरी आयआर्जन गरिरहनु भएको होला ?

***कतिको व्यवसायको उत्पादनले बजार पाएको छ कि छैन ? त्यसको दिगो व्यवस्थापनका लागि हाम्रो साथ र सहयोग के कसरी रहन्छ ? यस्ता कुराहरुमा हाम्रो दीर्घकालिन योजना के कस्तो बनेको छ त ? के यसतर्फ पनि हामी सरोकारवालाहरुले ध्यान दिएका छौं त ?***

के सधैं तालिममा मात्र वार्षिक करोडौं रकम खर्चिरहने मात्र हो त ? यसको उपलब्धि के भइरहेको छ ? के कहिले हामी तालिम दिने निकायले त्यसको समीक्षा गरेका छौं त ? अहिलेसम्म तालिममा खर्च गरेका रकमबाट के कति उद्योग संचालन गर्न सकिन्थ्यो र त्यसबाट के कति रोजगार हुन्थे होलान् ? देशबाट दैनिक लाखौं नागरिक विदेशी भूमिलाई स्वर्ग बनाउन आफू पलपल पिल्सिएर परदेशी जीवन बाँच्न बाध्य भएकाहरुको लागि हाम्रो तर्फबाट आफ्नो हातमा सत्ताको शक्ति भएका र बजेट खर्च गर्ने ठाउँमा पुग्दा के कति गर्‍यो भनेर ढुक्कले देखाउन सक्ने काम भयो त ?

यो कुराको छिट्टै हरेक तालिम प्रदायक संघ, संस्थाहरुसँग बलियो तथ्याङ्क हुने गरी काम गर्न सकिन्छ कि ? कि असार मसान्तसम्म बजेट जसरी नि सकाउनु पर्छ भन्ने दाउमा मात्र हाम्रो ध्यान गइरहेको त छैन ? कति तालिम लिने उद्यमी, व्यवसायी बन्न सके ? कतिको व्यवसायको उत्पादनले बजार पाएको छ कि छैन ? त्यसको दिगो व्यवस्थापनका लागि हाम्रो साथ र सहयोग के कसरी रहन्छ ? यस्ता कुराहरुमा हाम्रो दीर्घकालिन योजना के कस्तो बनेको छ त ? के यसतर्फ पनि हामी सरोकार वालाहरुले ध्यान दिएका छौं त ?

गरिबी बढ्यो, बेरोजगारी बढ्यो भन्ने हामी यसको न्यूनिकरणमा के कती काम भयो भन्ने देखिने तथ्यांकगत कार्यहरुको बारेमा पनि सोच्न पर्ने हो कि ? हिजोका दिनमा हामी नै विभिन्न गैरसरकारी संस्थाहरुले तालिमहरु दिँदा यस्ता कार्यको दिगोपनाका बारेमा प्रश्न उठाउथ्यौं होला । आज आफैंले कामलाई पूर्णता दिइरहेको अवस्थामा के हामीसँग यस्ता प्रश्नहरुको जवाफस्वरुप कार्य प्रगति छ त ? वर्षान्तको बजेट सकाउन मात्र कार्यक्रम नबनोस् । कोहि विदेश जानबाट यहि नै लिएको तालिमबाट यति जना स्वरोजगार बने भन्ने पोष्टहरु पनि हेर्न पाए मनमा उठेको खुलदुली केही कम हुन्थ्यो कि ? जिज्ञासा मात्र राखेको कसैले नराम्रो नसोचिदिनु होला । धन्यवाद ।

## हार्दिक श्रद्धाञ्जली



स्व: तुलसी कुमारी रिजाल

जन्म:
१९८८ माघ ९

स्वर्गारोहण:
२०८० जेठ ३०

धादिङ जिल्लाको सिद्धलेक-१, बैरेनी निवासी हाम्री पुजनीय हजुरआमा **तुलसीकुमारी रिजाल**को मिति २०८० साल जेठ ३० गते निधनको खबरले हामी मर्माहत भएका छौं । दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै पुजनीय हजुरआमाप्रति श्रद्धाञ्जली अर्पण गर्दछौं ।

**नातिनी/नातिनी ज्वाई**
**आस्था रिजाल धिताल/कैलाश धिताल**
**निजगढ, बारा**

## सुची दर्ता गर्ने बारेको सूचना

आर्थिक बर्ष २०८०/८१ को लागि यस नेपाल सि आर एस कम्पनी एम.पि.एच.डि परियोजना कार्यालय, पुष्पलाल पार्क, हेटौडा लाई आवश्यक पर्ने तपशिलका सामान तथा सेवाको आपूर्ति गर्न ईच्छुक ब्यक्ति रजिष्टर्ड फर्म कम्पनीहरुलाई आफूले आपूर्ति गर्ने सामान तथा प्रदान गर्ने सेवाको विवरण सहित फर्म कम्पनी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, फर्मको हकमा नवीकरण गरेको निस्साको प्रमाणित प्रतिलिपि, सम्बन्धित फर्म कम्पनीको PAN तथा VAT मा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आर्थिक बर्ष २०७८/७९ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहीत सूची दर्ताको लागि आवश्यक निवेदन राखि खामबन्दी गरी खामको बाहिर पट्टी प्रस्ट बुझिने गरी **"सूची दर्ता गर्ने सम्वन्धमा"** भन्ने उल्लेख गरी यो सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिनभित्र यस कम्पनीको कार्यालयमा दर्ता नु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त हुन आएको निवेदनलाई स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कम्पनीमा सुरक्षित रहने छ ।

**तपशिल**

१. मसलन्द आपूर्ति (Stationery)
२. होटेल सम्बन्धि (सभा, सम्मेलन, क्याटरिङ, गोष्ठी तथा आवास सम्वन्धि)
३. सवारी साधन उपलब्ध गराउने सम्बन्धि कार्य गर्ने (Vehicle Rental),
४. मोटर साईकल/स्कुटर मर्मत गर्ने सेवा ।

**सुची दर्ताको ठेगाना :**

**नेपाल सि आर एस कम्पनी**
**एम.पि.एच.डि परियोजना कार्यालय**
**पुष्पलाल पार्क, हेटौडा**
**मकवानपुर, बाग्मती प्रदेश**
**सम्पर्क नम्बर : ९८६८७०९२२५**

## मोटरसाइकल हराएको सुचना

**मिति २०८० साल जेठ २७ गतेको दिन बेलुका ४:०० बजे देखि ६:०० बजेको समयमा हेटौंडा–४ पारीजातपथ, पुरानो नारायणी यातायात कम्पनी प्रा. लि. अगाडिबाट पार्किङ गरेर राखेको अवस्थामा हुलास फिन सर्भ लि.को नाममा रहेको हेटौंडा–७, न्यूरेनी बस्ने राम बाबु शाह कानुको बा.प्र.०३–००५प ९९१ नम्बरको कालो रङको ब्ल्याक २२० सिसिको पल्सर मोटरसाइकल (च्याचिस नम्बर MD2A13EX2MCD88407, इन्जिन नम्बर DKXCMDO07860) हराएको हुँदा कहिंकतै देख्नु पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरी जानकारी गराइदिनु हुन यो सूचना प्रकाशित गरिन्छ ।**

**सम्पर्क:९८६१५६२९७५**

**समृद्ध समाज**
**राष्ट्रिय दैनिक**
www.samriddhasamaj.com.np

हाम्रो सुमो सेवा-२ को
काउन्टर सरेको जरुरी सूचना



हेटौँडा-काठमाडौं सुरक्षित, भरपर्दो र गुणस्तरीय सेवा दिँदै आएको यस हाम्रो सुमो सेवा-२ को काउन्टर हेटौँडा-४, अजरअमररोडबाट हेटौँडा-१०, मेनरोड कपुर कल्प्लेक्सअगाडि मिति २०८० साल जेठ १८ गते बिहिबारदेखि सरेको जानकारीका लागि सम्पूर्णमा अनुरोध गरिन्छ । नयाँ स्थानमा थप सुविधा र सहजताका साथ तपाइँको सेवामा हामी सदैव समर्पित रहने प्रतिवद्धता समेत व्यक्त गर्दछौं ।

**हाम्रो सुमो सेवा-२**
**हेटौंडा-१०, मेनरोड (कपुर कम्प्लेक्स अगाडि)**
**०५७-५२५९८८/५२३९८८**
**हटलाइन: ९८५५०-७२२८८**

विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालय पठाऔं । बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गरौं ।

**समृद्ध समाज राष्ट्रिय दैनिक**

## सूचना ! सूचना !! सूचना !!!

*प्रथम पटक सूचना प्रकाशित मिति: २०८०/०२/३१*

हेटौँडा उपमहानगरपालिका वडा नम्बर १६ मा सञ्चालित चिसापानी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, सहकर्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड र हेटौँडा-१७ स्थित अशोकबाटिका बचत तथा ऋण सहकारी संस्था लिमिटेड एक आपसमा एकीकरण भई "आधुनिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड, हेटौँडा-१६" एउटै सहकारी भएकोले केही सेयर सदस्य ज्यूहरुलाई उक्त एकीकरणप्रति चित्त नुझेको भए यो सूचना प्रथमपकट प्रकाशित मितिले ३ (तीन) दिनभित्र यस सहकारीहरुमा वा हेटौँडा उपमहानगरपालिकाको सहकारी शाखामा उजुरी दिनुहुन अनुरोध छ । अन्यथा सहकारी एकीकरण प्रक्रिया कानुनअनुसार हुने व्यहोरा अनुरोध छ ।

**श्री आधुनिक बचत तथा ऋण सहकारी संस्था लि.**
**हेटौँडा-१६, १७**

## जनहीतमा जारी सूचना

### घटना दर्ता गरौं

तपाँईको घर वा परिवारमा हुने गरेको जन्म, विवाह,बसाईसराइ, सम्बन्ध विच्छेद, मृत्यु लगाएतका घटनाहरु समयमै वडा कार्यालयमा उपस्थित भई घटना दर्ता गराउनु हुन अनुरोध गरिन्छ ।

**सुशिल घिमिरे**
**अध्यक्ष**
**५ नम्बर वडा कार्यालय**
**हेटौंडा उपमहानगरपालिका**

# खेलकुद विकास समितिमा तल्ला थपिँदै



खेलकुद विकास समितिको कार्यालय भवनको दोस्रो तल्ला निर्माण गरिँदै ।

समाज संवाददाता

हेटौँडाः जिल्ला खेलकुद विकास समिति मकवानपुरमा एक तल्ला थप गर्ने कार्य भइरहेको छ । जेठ मसान्तसम्ममा निर्माण कार्य पूरा गर्ने लक्ष्य लिइए पनि केही ढिला भएको छ । हेटौँडा-४ मा निर्माणाधिन भवन जेठ मसान्तभित्र निर्माण सक्ने जनाएको थियो । वैशाख १९ गतेदेखि निर्माण कार्य सुरु भएको भवन निर्माण कार्य भइरहेको छ ।

जिल्ला खेलकुद विकास समिति सदस्य उमेश बुढाथोकीकाअनुसार सम्झौता ढिलो भएको, समयको अभाव, कर्मचारीको अभाव, मेसिन औजारको अभाव, ढलान, पिलरसहित पक्की भवन निर्माण गरिरहेकाले ढिला भएको छ । यस्तै करिव एक महिना बाँसहरु राखेका कारण, बिजुलीबाट हुने कामहरु रोक्नुपर्दा निर्माण कार्य रोक्नुपरेको उहाँको भनाइ छ ।

हेटौँडा उपमहानगरको २२ लाख रुपैयाँ र उपभोक्ता समितिको २ लाख ४४ हजार रुपैयाँ बजेटमा भवन निर्माण भइरहेको छ । शौचालय, चेन्जिङ रुम, मिटिङ हलका लागि ३ वटा कोठा थप गर्न लागिएको बुढाथोकीले जानकारी दिनुभयो ।

# बकैयामा गुडिरहेको ट्रकमा आगलागी

समाज संवाददाता

हेटौँडाः मकवानपुरको बकैया गाउँपालिका-५, तीनतलेमा गुडिरहेको ट्रकमा आगलागी भएको छ । सोमबार राती ११ बजेको समयमा मदन भण्डारी सडकखण्ड हेटौँडाबाट सिन्धुलीतर्फ जाँदै गरेको ना ७ ख ५०४५ नम्बरको सिमेन्ट लोड ट्रकमा अचानक आगलागी भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेक बहादुर कार्कीले जानकारी दिनु भएको छ ।

प्रहरीका अनुसार ट्रकको ईन्जिनमा समस्या भई आगलागी भएको थियो । हेटौँडा उपमहानगरपालिकाको दमकल, प्रहरी र स्थानीयको सहयोगमा करिब दुई घण्टापछि आगो नियन्त्रणमा लिइएको छ । आगलागीबाट ट्रकको अगाडिको भाग र केही सिमेन्ट नष्ट भएको जनाइएको छ ।

हेटौँडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौँडा, मकवानपुर
बागमती प्रदेश

नदीजन्य पदार्थ उत्खनन तथा संकलनमा रोक लगाएको सम्बन्धी सूचना

हेटौँडा उपमहानगरपालिका नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम हेटौँडा उपमहानगरपालिका क्षेत्र भित्रका विभिन्न खोला तथा खहरेहरुबाट मिति २०८० साल असार १ गते देखि २०८० साल भाद्र मसान्त सम्म तीन महिना नदी, खोला तथा खहरेहरुबाट नदीजन्य पदार्थहरु उत्खनन तथा संकलन गर्न निषेध गरेको हुंदा निषेधित क्षेत्र र अवधिमा नदी, खोला तथा खहरेहरुबाट नदीजन्य पदार्थहरु उत्खनन तथा संकलन नगर्नु हुन यो सूचना जारी गरिएको छ । निषेधित क्षेत्र र अवधिमा नदी, खोला तथा खहरेमा पसी नदीजन्य पदार्थ उत्खनन, संकलन तथा ढुवानी कार्यमा संलग्न सवारी साधनहरुलाई प्रचलित नियमानुसार कारवाही गरि नदीजन्य पदार्थ जफत समेत गरिने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

राजश्व प्रशासन शाखा
हेटौँडा उपमहानगरपालिका

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी,
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# देवघाटमा एक जनाको शव फेला

समाज संवाददाता

**हेटौँडाः चितवन जिल्लाको भरतपुर महानगरपालिका-१, देवघाटमा एक जनाको शव फेला परेको छ । सोमबार नारायणी नदीले बगाएर ल्याएको पुरुषको शव फेला परेको हो । सनाखत हुन नसकेको अन्दाजी ६५ वर्षीय पुरुषको जस्तो देखिने, घाँटीमा तुलसीको माला लगाएको शव फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकरी दिएको छ ।**

# मोटरसाइकल दुर्घटनामा दोङ गम्भीर घाइते

समाज संवाददाता

हेटौँडाः हेटौँडा-८, कमाने कर्नावती मार्गमा दुईवटा मोटरसाइकल एकआपसमा ठोक्किँदा ४ जना घाइते भएका छन् । एक जनाको अवस्था गम्भीर रहेको प्रहरीले जानारी दिएको छ । सोमबार राती ११ बजेर ५५ मिनेटको समयमा क्याम्पाडाँडाबाट मिलनचोकतर्फ जाँदै गरेको बागमती प्रदेश ०३-००३ प ९२९४ नम्बरको मोटरसाइकल र विपरित दिशाबाट आउँदै गरेको ना २५ प २७६५ नम्बरको मोटरसाइकल ठोक्किएको दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेक बहादुर कार्कीले जानकारी दिनु भएको छ ।

दुर्घटनामा परी ९२९४ नम्बरको मोटरसाइकल चालक हेटौँडा-८, कमानेका २८ वर्षीय यज्ञप्रसाद चौलागाई, सोही मोटरसाइकलमा सवार हेटौँडा-८ का २३ वर्षीय मंगल राई, २७६५ नम्बरको मोटरसाइकल चालक हेटौँडा-१५ बस्ने ३४ वर्षीय शिव थापा र मोटरसाइकलमा सवार हेटौँडा-२ संगम टोल बस्ने ५५ वर्षीय उत्तरसिं दोङ रहेको मकवानपुर प्रवक्ता कार्कीले जानकारी दिनुभयो । २७६५ नम्बरको मोटरसाइकलमा सवार दोङको टाउकोमा चोट रहेको र अवस्था गम्भीर रहेको जनाइएको छ । गम्भीर घाइते दोङलाई थप उपचारका लागि भरतपुर पठाइएको कार्कीले जानकारी दिनुभयो । घाइते तीन जनाको हेटौँडा अस्पतालमा उपचार भइरहेको छ ।

# रोजगारमूलक प्रशिक्षण कार्यक्रम सुरु

समाज संवाददाता

हेटौँडाः रोजगारीको अभावमा रहेका महिलाहरुलाई रोजगारीमा ल्याउँदै आयआर्जनमा जोड्नका लागि हेटौँडामा सञ्चालन भएको विभिन्न तालिमको समापन भएको छ । हेटौँडा उपमहानगर पालिकाको सहयोगमा गरिबी निवारणनका लागि लघु उद्यम कार्यक्रम (मेडपा) सञ्चालन गरेको बरफ, वेकरी र धुप बनाउने तालिमको हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाले समापन गरेकी हुन् ।

तालिम समापन समारोहलाई सम्बोधन गर्नुहुँदै नगरप्रमुख लामाले सिकेको सीपलाई निरन्तरता दिँदै आय आर्जनमा जोडिन सुझाव दिनुभएको छ । उहाँले सीपले मानिसलाई आत्मनिर्भर बनाउने भन्दै काम गर्ने क्रममा असहज अवस्था आए उपमहानगर सहयोग गर्न तयार रहेको बताउनुभयो । उहाँले भन्नुभयो, “काम सुरु गरेसँगै तालिमको औचित्य पुष्टि हुन्छ ।” तालिमले मानिसलाई तिर्खाँदै लैजाने भन्दै नगर प्रमुख लामाले अहिले सिकेको सीपलाई व्यवहारमा उतार्दै लगेपछि फेरी आवश्यक तालिमको व्यवस्थापन उपमहानले गर्ने बताउनुभयो ।

तालिममा बरफ तथा बेकरी सम्न्धी सन्दिप न्यौपाने र धुपको बारेमा रिता श्रेष्ठले प्रशिक्षण दिएका थिए । सहभागीले तालिम लिएपनि पर्याप्त सिक्न र बनाउने तरिकाको बारेमा जानकारी लिन नपाएको गुनासो गरेका थिए । उनिहरुले तालिमलाई थप प्रयोगात्मक बनाउनका लागि प्रशिक्षण थप्न जरुरी रहेको बताए । समापनमा हेटौँडा उपमहानगरका कानुनी सल्लाहकार इश्वराज ढकाल, उपमहानगरका उद्योग तथा सहकारी शाखाका प्रमुख हिमप्रसाद पौडेल लगायतको आतिथ्य रहेको थियो ।

स्वादिष्ट नेवारी खाजा

अब





होटल बासुकला (फास्टफुड) मा

स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।

नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



सम्पर्क
०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौँडा-१, ब्लडबैंकअगाडि

# ग्रामीण महिला सेवा केन्द्रको सामाजिक परीक्षण

समाज संवाददाता

हेटौँडाः हेटौँडा-५ स्थित ग्रामीण महिला सेवा केन्द्र मकवानपुरले आर्थिक वर्ष २०७९/०८० को सामाजिक परीक्षण गरेको छ । हेटौँडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्य तथा ग्रामीण महिला सेवा केन्द्रकी अध्यक्ष सुलोचना स्याङ्तानको सभाध्यक्षतामा सामाजिक परीक्षण कार्यक्रम भएको हो ।

ग्रामीण महिला सेवा केन्द्रले प्लान इन्टरनेशनलसँग सहकार्य गरेर सामाजिक व्यवहार परिवर्तनसम्बन्धी परियोजना सञ्चालन गर्दै आएको छ । कार्यक्रममा केन्द्रका संयोजक दीपक न्यौपानेले आर्थिक वर्ष २०७९/०८० को आय-व्यय विवरण प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा उपप्रमुख बानियाँले ग्रामीण महिला सेवा केन्द्रले सामाजिक क्षेत्रमा राम्रो काम गर्दै आएको बताउनुभयो । ग्रामीण महिला सेवा केन्द्रलाई गाउँ-गाउँ गएर राम्रो काम गर्न उपप्रमुख बानियाँले आग्रह गर्नुभयो । जनताको माग धेरै भएकोले सामाजिक काम गर्दा धेरै अपजस आउने गरेको बताउँदै आफु पारदर्शी भएर काम गर्नुपर्नेमा जोड दिनुभयो । नगरमा पहिलेको भन्दा बजेट घटे तापनि महिला, बालबालिका, किशोरकिशोरीको क्षेत्रमा बजेट छुट्याएको बताउनुभयो ।

बालबालिकाहरुले ग्रामीण महिला सेवा केन्द्रमा आवद्ध भएर सिक्ने अवसर पाएको, विभिन्न कार्यक्रममा प्रतिनिधित्व गर्ने अवसर पाएको, आफ्ना समस्या सरोकारवाला समक्ष राख्न सक्ने क्षमता वृद्धि भएको र अगाडि बढ्ने क्रममा केन्द्रले सहयोग गरेको बताएका छन् । यस्तै, केन्द्रकी अध्यक्ष स्याङ्तानले ग्रामीण महिला सेवा केन्द्र र प्लान इन्टरनेशनलबीचको सहकार्य सकिएको जानकारी गराउनुभयो । ग्रामीण महिला सेवा केन्द्र आगामी दिनमा स्थानीय तहहरुसँग सहकार्य गरेर जान आवश्यक रहेको उहाँको भनाइ थियो ।

# भिरबाट लडेर मगरको मृत्यु

समाज संवाददाता

**हेटौँडाः धादिङ जिल्लाको गंगाजमुना गाउँपालिका-५ मा भिरबाट लडेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा सोही स्थान बस्ने २१ वर्षीय शोसम थापा मगर रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।**

**मगर सोमबार घर फर्कने क्रममा आचलपारी भिरबाट खस्दा घटनास्थलमै मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।**

# नदीले बगाउँदा दाहालको मृत्यु

समाज संवाददाता

**हेटौँडाः सिन्धुली जिल्लाको कमलामाई नगरपालिका-१३, माथिल्लो रानीबासमा नदीले बगाउँदा एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा सोही स्थान बस्ने ६९ वर्षीय पूर्णप्रसाद दाहाल रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ । सोमबार कमलामाई नगरपालिका-१४ मा रहेको कमलामाई नदीमा गाउँबाट खरिद गरी ल्याएको गोरु तार्ने क्रममा नदीले बगाउँदा दाहालको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।**

# छहराबाट लडी बर्तौला मृत फेला

समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्लाको थाहा नगरपालिका-३, झाँक्रीखोरियामा एक जना पुरुषको छहराबाट लडेर मृत्यु भएको छ । चितवन जिल्लाको राप्ती नगरपालिका-६ भण्डाराका ४६ वर्षीय हरिशरण बर्तौलाको छहराबाट लडेर मृत्यु भएको प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

बर्तौला शनिबार साँझ ६ बजेको समयमा मामा घर सोहि स्थानबाट हराएका थिए । बर्तौलाको खोज तलास गर्दा सोमबार दिउँसो ४ बजेको समयमा झाँक्रीखोरिया स्थित खोलाको किनारमा मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

मूख्यमन्त्री जनता स्वास्थ्य परीक्षण कार्यक्रमसम्बन्धी सूचना

नसर्ने रोगको समयमा नै पहिचान, रोकथाम, उपचार र त्यसबाट हुने जटिलतालाई न्यूनीकरण गर्न स्वास्थ्य परीक्षण गर्ने र आवश्यक सल्लाह सुझाव तथा सेवा उपलब्ध गराउने तथा नसर्ने रोग रोकथाम सम्बन्धी समुदायस्तरमा चेतना अभिवृद्धि गरी रोगको जोखिम न्यूनीकरण गर्ने उद्धेश्यले बागमती प्रदेशमा मूख्यमन्त्री जनता स्वास्थ्य परीक्षण कार्यक्रम लागु गरिएको छ ।

गरिब, विपन्न, लोपोन्मुख तथा अल्पसंख्यक जाति, सहीद तथा बेपत्ता परिवार र सशस्त्र द्वन्दका घाइते व्यक्ति, महिला स्वास्थ्य स्वयंसेविका र लोकतान्त्रिक आन्दोलनका घाइते व्यक्तिलाई यस कार्यक्रमअन्तर्गत तोकिएको सेवामा नि:शुल्क उपचारको व्यवस्था गरिएको छ ।

बाँकी अन्य सर्वसाधारणको लागि यस कार्यक्रमअन्तर्गत तोकिएको सेवामा २५ प्रतिशत छुटको व्यवस्था गरिएको छ ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ